बाणगंगा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगंगा, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

पत्र संख्या:०७६।७७

चलानी नं.:

visit Nepal 2020 Lifetime Experiences

मितिः २०७७।०३।१७

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले परिचय-पत्र नवीकरण गराउने सम्बन्धी सूचना ।**

सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा प्रत्येक आर्थिक वर्षको श्रावण मसान्तभित्र नवीकरण गर्नुपर्ने व्यवस्था रहेको हुँदा यस बाणगंगा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आ.व. २०७८/०७९ का लागि मिति २०७७/०४/०१ देखि २०७७/०४/३२ गते सम्ममा सम्बन्धित वडा कार्यालयमा गई नवीकरण गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।यदि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले साउन मसान्त भित्रमा नवीकरण नगरी भत्ता छुट्न गएमा कार्यालय जवाफदेही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>नवीकरणको लागि आवश्यक कागजातहरु</u>

१. ज्येष्ठ नागरिक ( अन्य र दलित ) : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति फोटो, ( बाजे, आमा, बाबु ) को नामथर, सम्पर्क नम्बर, संरक्षकको नागरिकताको प्रतिलिपि ।

२. विधवा महिला : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति फोटो, पतिको मृत्युदर्ताको प्रतिलिपि, ( बाजे, आमा, बाबा) को नामथर, सम्पर्क नम्बर, संरक्षकको नागरिकताको प्रतिलिपि ।

३. एकल महिला : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, १ प्रति फोटो, ( बाजे, आमा, बाबा ) को नामथर, सम्पर्क नम्बर, संरक्षकको नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर ।

४. बालपोषण ( दलित बालबालिका ) : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, जन्मदर्ताको प्रतिलिपि, १ प्रति फोटो, आमा र बुबाको नागरिकताको प्रतिलिपि, संरक्षकको नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर ।

५. अपाङ्गताको लागि : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, अपाङ्गता परिचय-पत्रको प्रतिलिपि, नागरिकता/जन्मदर्ता प्रमाण-पत्रको प्रतिलिपि, आमा बाबुको नागरिकता, संरक्षकको नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर।

६. लोपोन्मुख जातजाती : सामाजिक सुरक्षा भत्ता परिचय-पत्रको प्रतिलिपि, नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, आमा बाबुको नागरिकता, संरक्षकको नागरिकताको प्रतिलिपि, सम्पर्क नम्बर।

चुरामणि पन्थी

प्रमुख प्रशासकीय अधिकृत

चुरामणि पन्थी
प्रमुख प्रशासकीय अधिकृत